लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
काठमाडौं, सोमबार २२ वैशाख २०७१,

# स्वास्थ्य क्षेत्रमा बजेटको कार्यान्वयन निरासाजनक

काठमाडौं/रास– सरकारले स्वास्थ्य क्षेत्रमा विनियोजन गरेको बजेट प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । राज्यले स्वास्थ्य क्षेत्रमा हरेक वर्ष बजेटको वृद्धि गरे तापनि स्वास्थ्य क्षेत्रको अवस्था निरासाजनक रहेको विज्ञहरू बताउँछन् ।

मुलुकको स्वास्थ्य सेवा सेवाग्राहीसम्म पुग्न सकेको छैन । विश्व बैंकको नेपालमा उत्तरदायित्व विषयक परियोजनाअन्तर्गत सावतीले गरेको सर्वेक्षणमा स्वास्थ्य क्षेत्रको बजेट प्रणालीलाई समय-सापेक्ष नभएको तथ्य उल्लेख गरिएको हो । सावतीद्वारा आयोजित कार्यक्रममा अर्थविद् डा. पोषराज पाण्डेले नेपालको स्वास्थ्य नीति अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिमा नेपालले गरेको प्रतिवद्धताअनुरूप नै रहेको बताए ।

डा.पाण्डेले स्वास्थ्य क्षेत्रको समग्र सुधारका लागि निजी तथा गैरराज्य पक्षको भूमिका महत्त्वपूर्ण हुने बताए। पूर्वस्वास्थ्यमन्त्री विद्याधर मल्लिकले नेपालमा स्वास्थ्य क्षेत्रमा सरकारको प्रतिव्यक्ति लगानी छिमेकी राष्ट्रका तुलनामा नगण्य रहेको र व्यवस्थापन तथा वितरण प्रणालीमा आमूल सुधारको आवश्यकता रहेको बताए । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष पृथ्वीराज लिगलले स्रोत परिचालन र बजेट कार्यान्वयनको प्रभावकारिता वृद्धि गरी स्वास्थ्य क्षेत्रमा आमूल सुधार गर्न सकिने धारणा राखे ।नि:शुल्क औषधि, सुत्केरी भत्ता र बाल खोपजस्ता कार्यक्रममा केन्द्रित रहेर गरिएको सर्वेक्षणमा आधारित कार्यपत्र प्रस्तुत गर्दै सावतीको निलु थापाले स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन बजेट विनियोजन र खर्च प्रणालीलाई जोड दिनुपर्ने बताए ।